मिर्चैया नगरपालिका
Mirchaiya Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchiya, Siraha
मधेशप्रदेश,नेपाल ।
Madhesh Province, Nepal

पत्र संख्या: २०८२/०८३
च.न.

मिति २०८२/०६/२० गते

**विषय : सूचना प्रकाशन गरिएको वारे ।**
**पोखरी ठेक्का सम्वन्धि शिलबन्दि बोलपत्र**
**सातौ पटक सूचना प्रकाशन मिति २०८२/०६/२० गते**

मिर्चैया नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको तपसिल वमोजिमको सार्वजनिक पोखरीहरुको शिलबबन्दि बोलपत्रद्धारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिन चाहने इच्छुक फर्म तथा व्यक्तिहरुले निम्न शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मिति देखी १५ दिनभित्र वोलपत्र खरीद गरी १६ औ दिन दिनको १२ वजेभित्र वोलपत्र दर्ता गर्न सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | पोखरीको नाम | ठेगाना मिर्चैया | न्यूनतम कवोल अंक |
|---|---|---|---|
| १ | महेशपुर दहवला वातावरणमैत्री पोखरी नं.२ | १० | ४,५२,२७२/- |
| २ | महेशपुर राजदेवी पोखरी | १० | ५,०७,५३०/- |
| ३ | दहवला पुरानो पोखरी नं. १ | १० | ४,८४,५६६/- |
| ४ | मुसलमान टोलनिरको पोखरी | १२ | ३२,९५०/- |
| ५ | मटियर्वा डोम्वमनिरको पोखरी | ६ | ६,६४,३०१/- |
| ६ | मलहनिया नहरनिरको पोखरी | २ | ५३,१४४/- |
| ७ | कंचनपुर गाँउनिरको पोखरी | ११ | १,५९,४३२/- |
| ८ | महेशपुर वडा कार्यालयनिरको पोखरी | १० | २,३९,११२/- |
| ९ | सलहेश मन्दिर पोखरी रामपुर विर्ता | १ | २,११,०४६/- |
| १० | डाकनिथान पोखरी | ११ | ५०,४८७/- |
| ११ | फुलवरिया वजार शिव मन्दिर पोखरी | ७ | ५०,४८७/- |

१.बोलपत्र साथ धरौटी वापत आफुले कबोल गरेको कुल रकमको ५ प्रतिशत र विदेशी भए १० प्रतिशत हुने रकम यस मिर्चैया नगरपालिकाको कार्यालय मिचैयाको कोड नं. १६-३६५-२३ एन.आई.सी.एसिया बैंक मिर्चैया,सिरहा स्थित रहेका ६६४१४९८७४८५२४००२ धरौटी खातामा रकम जम्मा गरेको सकलै भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकले जारी गरेको बोलपत्र जारी गर्ने अन्तिम ९० दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति र नागरिकता प्रतिलिपि शिलबन्दि वोलपत्र साथ संलग्न हुनु पर्नेछ ।

२.ठेक्काको न्यूनतम अंकवाट कबोल अंक सुरु हुनेछ ।

३.ठेक्का अवधि :२०८२ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८७ असार मशान्तसम्म हुनेछ । ठेक्का स्वीकृत भएपछि आफुले कबोल गरेको रकम समझौता अगावै एकमुष्ट कार्यालयमा वा नगरपालिकाको

प्रमूख प्रशासकीय अधिकृत

# मिर्चैया नगरपालिका
# Mirchaiya Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchiya, Siraha
मधेशप्रदेश,नेपाल ।
Madhesh Province, Nepal

पत्र संख्या: २०८२/०८३

नाममा रहेको खाता नं. ०६६२०५००२९३८७००२ एन.आई.सी.एसिया मिर्चैया बैंक खातामा रकम दाखिला गरेको सक्लै भौचर र मूल्य अभिवृद्धि कर वापतको रकम बुझाएपछि मात्र चलन पूर्जि दिइनेछ। ठेक्कामा कुनै किसिमको छुट दिइने छैन ।

४.मिति २०८२/६/२० गतेदेखि २०८२/०७/०३ गतेभित्र रु. १००० को नगदी रसिद लिई यस न.पा.वाट वोलपत्र खरिद गर्न सकिनेछ र मिति २०८२/७/०४ गतेको १२ वजेसम्म यस न.पा.को राजश्व शाखामा वोलपत्र दर्ता गर्नुपर्नेछ । दर्ता हुन आएका वोलपत्रहरु सोहि दिन दिनको दिउसो २ बजे खोलीने छ । वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

५.रित पूर्वक प्राप्त नभएको तथा म्याद नाघि आएको वोलपत्र फारम स्वीकृत गरिने छैन ।

६.यस कार्यालयको बाकि बक्यौता पेश्की तथा वेरुजु भएको व्यक्तिको वोलपत्र समावेश गरिने छैन ।

७. यस सम्बन्धि विस्तृत बुझ्न चाहेमा मिर्चैया नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८.ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

९.सूचनामा उल्लेख नभएमा अन्य कुरा प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१०.ठेक्कामा लाग्ने सवै किसिमको कर ठेक्केदार वा संस्था स्वयमले वुझाउनुपर्नेछ ।

२०८२/६/२०

प्रमुख प्रशासकीय अधिकृत